२०८० कार्तिक २३ गते　　कार्यपालिका बैठक कक्ष　　बैठक सङ्ख्या: ०४/०८०/८१

प्रस्तावहरु

१. गत महिनाको बैठकको समिक्षा ।

२. वडा नम्बर २ मा रहेको छिपखोला विधुत मर्मत सम्वन्धमा ।

३. प्रधनमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।

४. वडा नम्बर २ मा रहेको नेटा सहिदपार्क र ५ नं. वडामा रहेको झुम्कामारे शहिद पार्कको हेराला व्यवस्थापन तथा गाउँपालिकामा दुई जना कार्यालय सहायक भर्ना सम्वन्धमा ।

५. भुकम्प प्रभावित छिमेकी जिल्लालाई उपलब्ध गराएको राहात अनुमोदन सम्बन्धमा ।

६. वडा नम्बर १ मा रहेको मा वि बल्लेचौरको पहिरो पन्छाउने सम्वन्धमा ।

७. वडा नम्बर २ मा रहेको भेटेनग्री कार्यालयको भाडा र ५ नं. वडाको महिला भवनको विद्युत विल भुक्तानी सम्बन्धमा ।

८. जग्गा अधिग्रहन सम्वन्धमा ।

९. भुकम्पबाट क्षतीको लगत संकलन सम्बन्धमा ।

<u>निर्णयहरु</u>

निर्णय नं १

कार्यापालिकाको बैठक नं. ३ को निर्णय कार्यन्वयनको समिक्षा गरियो ।

निर्णय नं २

वडा नं. २ मा रहेको छिपखोला लघु जलविद्युत मर्मतकोलागि कार्यालयबाट प्राविधिक खटाई लागत अनुमान तयार गर्ने ।

२०८० कार्तिक २३ गते कार्यपालिका वैठक कक्ष बैठक सङ्ख्या: ०४/०८०/८१

निर्णय नं ३

आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको वजेट तपसिल बमोजिम खर्च गर्ने ।

तपसिल

- युवा रोजगारीका लागि रुपान्त्रण पहल आयोजना संचालनको लागि रु. २३ लाख ५२ हजार

| सि.नं. | वडा नं. | विनियोजित बजेट | १०० दिनको रोजगार प्राप्त गर्ने बेरवजगार संख्या |
|---|---|---|---|
| १ | १ | ० | ० |
| २ | २ | ० | ० |
| ३ | ३ | ६०१२०० | ९ |
| ४ | ४ | ६६८००० | १० |
| ५ | ५ | २६७२०० | ४ |
| ६ | ६ | २१४४०० | ४ |
| ७ | ७ | २६७२०० | ४ |
| ८ | ८ | ३३४००० | ५ |
| जम्मा | | २३५२००० | ३४ |

- कामका लागि पारिश्रमिकमा आधारित आयोजना संचालनका लागि रु. २९ लाख ४४ हजार

| सि.नं. | वडा नं. | विनियोजित बजेट | १०० दिनको रोजगार प्राप्त गर्ने बेरवजगार संख्या |
|---|---|---|---|
| १ | १ | ४६७६०० | ७ |
| २ | २ | ५३४४०० | ८ |
| ३ | ३ | ३३४००० | ५ |
| ४ | ४ | २६७२०० | ४ |
| ५ | ५ | २६७२०० | ४ |
| ६ | ६ | २७२००० | ५ |
| ७ | ७ | ३३४००० | ५ |
| ८ | ८ | ४६७६०० | ७ |
| जम्मा | | २९४४००० | ४५ |

CamScanner

२०८० कार्तिक २३ गते    कार्यपालिका बैठक कक्ष    बैठक सङ्ख्या: ०४/०८०/८१

निर्णय नं ४

सिस्ने गाउँपालिका वडा नं. २ मा रहेको नेटा सहिदपार्कको हेरालोको व्यवस्थापन गर्न वडा नं. २ लाई जिम्मा दिने ।साथै वडा नं. ५ मा रहेका झुम्कामारे शहित पार्कदेखि युद्ध संग्रालयसम्म हेरालोको व्यवस्थापन गर्न वडाकार्यालयबाट प्राप्त आवश्यक कागजातका आधारमा मासिक रु.२०००।- अक्षरुपी दुई हजार रुपैयाँ भुक्तानी दिने । गाउँ कार्यपालिकाको कार्यालयमा सुचना तथा अभिलेख शाखा र शिक्षा शाखामा काम गर्ने गरी दुई जना कार्यालय सहायक गाउँपालिकाको website। प्रकाशन गरी पदपुर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं ५

मिति २०८०/०७/१७ गते शुक्रबार राती ११:४७ बजे जाजरकोट जिल्लाको लामीडाँडा केन्द्र विन्दु भई ६.४ रेक्टर स्केलको भूकम्पले जाजरकोट र रुकुम (पश्चिम) जिल्लामा ठूलो धनजनको क्षति पुग्न गएकोले अध्यक्ष स्तरको निर्णय बमोजिम रु. २,००,०००।- अक्षरेपी दुई लाख रुपैयाँ को १०० बोरा चामल खरिद गरी जिल्ला विपद समिति मार्फत प्रभावित जिल्लामा उपलब्ध गराएको राहात खर्च अनुमोदन गरियो । साथै गाउँपालिकाले तपसिल बमोजिमको भूकम्प प्रभावितको सहयोगको लागि जिल्ला विपद व्यवस्थापन मार्फत सहयोग गर्ने ।

- रु. २,००,०००।- अक्षरेपी दुई लाख रुपैयाँ को १०० बोरा चामल
- रु. १,००,०००।- ढुवानी खर्च

निर्णय नं ६

सिस्ने गाउँपालिका वडा नं. १ को श्री नवज्योत्ती मा.वि. बल्लेचौरको पहिरो पन्छाउने प्रयोजनको लागि विपद व्यवस्थापन कोषवाट खर्चहुने गरी तपसिल बमोजिमका सामाग्री खरिद गरी १ नं. वडा कार्यालयलाई हस्तान्त्रण गर्ने ।

- ठेलागाढा ३ वटा
- वेल्चा २ वटा
- सप्पल १ वटा
- गैंती २ वटा
- घन १ वटा

२०८० कार्तिक २३ गते	कार्यपालिका बैठक कक्ष	बैठक सङ्ख्या: ०४/०८०/८१

निर्णय नं ७

सिस्ने गाउँपालिका वडा नं. २ मा रहेको भेटनरी कार्यालयको गत आ.व.को भुक्तानी दिन बाकी घर भाडा रु. ६,००० भुक्तानी गर्ने ।साथै वडा नं. ५ मा रहेको कालिका महिला समुह भवनको गत आ.व. को भुक्तानी दिन बाकी विद्युत महशुल बिल अनुसार भुक्तानी गर्ने ।

निर्णय नं. ८

सिस्ने गाउँपालिकाको सूचना नं. ७२ को मिति २०७९ चैत्र २८ गते प्रकाशित जग्गा प्राप्तिको लागि सिस्ने गाउँपालिकाको सार्वजनिक सूचना प्रकासन भएको र सूचनाको समयावधी भित्र तोकिएका क्षत्रबाट कुनैपनि जग्गा धनिले निःशुल्क जग्गा उपलब्ध गराउन कुनैपनि निवेदन दर्ता नभएकाले निःशुल्क जग्गा प्राप्त गर्न सम्भव नभएकाले सरकारी मूल्याङ्कनमा जग्गा अधिग्रहण गर्ने निर्णय गरियो ।

निर्णय नं ९

मिति २०८०/०७/१७ गते शुक्रवार राती ११:४७ वजे जाजरकोट जिल्लाको लामीडाँडा केन्द्र विन्दु भई ६.४ रेक्टर स्केलको भूकम्पले सिस्ने गाउँपालिका भित्र भएको क्षतिलाई प्राविधिकवाट स्थलगत अनुगमन गरी क्षतिको अनुमान गरी मिति २०८०/०८/१५ गते भित्र लगत संकलन गर्ने ।

निर्णय प्रमाणित

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत